

# सफल महिला उद्यमी अन्जना



● रश्मी गुरुङ

अन्जना ताम्राकारको जन्म काठमाडौंको मरुटोलमा आमा कमला र बुबा अमर ताम्राकारको कोखबाट वि.सं.२०१५ मंसिर ८ गते भएको हो । मध्यम वर्गीय परिवारका अन्जनाका बुबाको हस्तकलाको व्यवसाय थियो । फलस्वरूप लोलीमा बोली मिलाउन जानेदेखि नै अन्जनाले बुबाको व्यवसाय बारे बुझ्ने अवसर पाउनुभयो । अलि ठूलो हुँदै गएपछि सहयोग पनि गर्न थाल्नुभयो, जुन अवसर त्यो बेलाका कमै छोरीहरूलाई मात्र प्राप्त हुन्थ्यो ।

समाजले छोरीलाई पढाउनुपर्छ भन्ने बुझिसकेको थिएन, तर अन्जनाले पढ्ने अवसर पाउनु भयो । कान्ति इश्वरी राज्यलक्ष्मी माध्यमिक विद्यालयबाट उहाँले एसएलसी पास गर्नुभयो । २० वर्षको उमेरमा काठमाडौंकै रमेश ताम्राकारसँग उहाँको विवाह भयो । श्रीमान् गायक हुनुहुन्थ्यो । धेरैका लागि विवाह अघि बढ्न कठिन हुने 'बन्धन' जस्तो भए पनि उहाँका श्रीमान् प्रेरणा र हौसलाको स्रोत हुनुहुन्थ्यो, त्यसैले अध्ययन यात्रा कहिल्यै रोक्नु परेन । विवाहपछि नै उहाँले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातककोत्तर उत्तीर्ण गरेर क्यानडाको सेन्ट-जेभियर्स युनिभर्सिटीबाट 'कम्युनिटी डेभ्भलपमेन्ट' विषयमा पोष्ट ग्राजुयट गर्ने अवसर प्राप्त भयो । त्यस्तै त्रिभुवन विश्वविद्यालयबाटै महिला अध्ययन (जेन्डर स्टडिज) अध्ययन गर्ने पहिलो ब्याच पनि हुनुहुन्थ्यो ।

श्रीमान् मात्र होइन, सासुससुरा पनि त्यत्तिकै सहयोगी भएका कारण दुई सन्तान सगुन र सुगमको हेरचाहमा मुख्य जिम्मेवारी अन्जनालाई मात्र परेन । सानो बच्चा छ, भनेर आफ्नो पढाइ वा कामको गति पनि रोक्नु परेन अन्जनालाई । परिवारमा एकअर्काको सरसहयोगकै कारण सन् १९८७ मा बाँसबारी छाला तथा जुत्ता कारखानामा मार्केटिङ रिसर्च अफिसर पदको जिम्मेवारी सम्हाल्ने अवसर पाउनुभयो । त्यहाँ उहाँले छ वर्ष काम गरेपछि सन् १९९३ मा युनिसेफको प्रोजेक्टअर्न्तगत **भक्तपुर क्राफ्ट प्रिन्टर्स**मा पनि मार्केटिङ अफिसर हुनुभयो । यसरी अनुभव बटुल्दै जाँदा सन् १९९७ मा उहाँ नेपाल घरेलु तथा साना उद्योग महासंघको महिला उद्यमीहरूको विकासको लागि गठित विभागको प्रमुख बन्नुभयो । श्रीलंका, स्वीडेन, इजरायल आदि देशमा उद्यमशिलता र विकास बारे तालिम लिने अवसर पनि पाउनु भएका अन्जना अमेरिका, बेलायत, जापान, मलेसिया, फिजी र फिलिपिन्स जस्ता

देशहरूमा सेमिनार र कार्यशालाहरूमा पनि भाग लिनुभएको छ । इजरायलमा तीन महिने हस्तकला सम्बन्धी तालिम लिनुभएका उहाँलाई त्यो तालिमले भने आफू मात्र बाँच्ने होइन अरुलाई पनि बाँच्न सिकाउँ भन्ने थप कुरा सिकाएको उहाँ सँभिनुहुन्छ । त्यही सोचेर उहाँले महिलाहरूलाई आर्थिक रूपमा सक्षम बनाउनका लागि सन् १९९८ मा "सृजनशिल महिलाहरूको सृजना" (1998 Creative Women Craft) नामक संस्था स्थापना गर्नुभयो । सो संस्थामार्फत महिलाहरूलाई तालिम दिन सुरु गर्नुभयो । जुन बेला घरबाहिर केही सिक्छु भनेर निस्किनका लागि महिलाहरूका लागि सहज भइसकेको थिएन । त्यसैले टोलटोलमा तालिम लिने महिलाहरू खोज्दै हिंड्नुहुन्थ्यो अन्जना । त्यसले गर्दा टोलबासीले 'आँखाको तारो' को रूपमा हेर्न थालेको दुःखद अनुभव पनि ताजै छ, उहाँसँग । घरका छोरी/बुहारी बिगार्ने 'आइमाई' भन्ने आरोप पनि धेरैले लगाए । तर उहाँले हिम्मत हार्नुभएन, आफ्नो कामबाट पछि पनि हट्नु भएन ।

महिलालाई आर्थिकरूपमा सशक्तिकरण गराउन सके मात्रै महिलाहरू अघि बढ्छन् र समाजको पनि विकास हुन्छ भन्ने सपना बोकेर हिंड्नुभयो । निरन्तर अहिलेसम्म लागिरहनु भएको पनि छ । महिलाहरूलाई घरबाहिर ल्याउने सोच्दा-सोच्दै उहाँमा अनेक उपायहरू मडारिन्थे । त्यसैक्रममा नयाँ सोच पलायो स्थानीय युवाहरूको साथ लिने । स्थानीय युवा क्लबसँग सरसल्लाह गरी गरी महिलाहरूलाई घरबाट बाहिर निस्कन सहजीकरण गरियो । उहाँको यो प्रयास सफल पनि भयो । हुन त अन्जनालाई नपुग्दो थिएन । श्रीमान्को आफ्नै व्यवसाय थियो । अन्जना पनि एक गैरसरकारी संस्थामा राम्रै जागिर थियो । तर त्यो जागिर छोडेर पूर्ण रूपमा महिलाहरूको उत्थानको लागि लाग्नुभयो, यसो गर्दा समाजका अनेक आरोप र लाञ्छना सहनुभयो । तर पछि हट्नु भएन ।

त्यसैगरी महिलाहरूलाई आत्मनिर्भर तथा आर्थिकोपार्जनका लागि लगानी सहजीकरणको गर्न आफ्नै अध्यक्षतामा "क्षमता विकास तथा ऋण सहकारी संस्था" खोल्नु भयो । जसबाट बचत गर्ने र आवश्यक पर्दा ऋण दिन थालियो । सुरुमा एक जनालाई बीसहजार रूपैयाँ दिइने गरेकोमा केही समयपछि विना धितो पचासहजार रूपैयाँसम्म पनि दिन थालियो । त्यो ऋण लिएर महिलाहरूले

अचार, तितौरा, मस्यौरा उत्पादन तथा सानासाना व्यापार गर्थे, ती व्यापार वा उत्पादित सामानहरूको बजार व्यवस्थापनमा पनि सहयोग गर्नुहुन्थ्यो । अहिले उहाँको सहकारीमा एकहजार भन्दा बढी सदस्य छन् ।

वि.सं.२०५७ साल क्रियटिभ वुमन्स क्राफ्ट मार्फत नेपाली हाते कागज सम्बन्धी हस्तकलाको विकास, विस्तार र बजारीकरण गर्ने तर्फ सक्रिय रहनुभयो । उहाँ उक्त संस्थाको प्रबन्ध निर्देशक रहनुभयो । महिलाहरूमा सीप विकास तथा आत्मनिर्भर गर्ने काममा तल्लीन हुनुभयो । यसरी महिलाहरूलाई आत्मनिर्भर बनाउन जुन मिहिनेत र समय खर्चनुभयो, जीवनमा थोरै सफल भएकोमा गर्व गर्नुहुन्छ ।

अन्जनाले वि.सं. २०६२ सालमा नेपाली हाते कागज उद्योग पनि स्थापना गर्नुभयो । आफूसँग अलिकति पनि पुँजी नभएका कारण श्रीमान् रमेशसँग चार लाख रूपैयाँ सापटी लिएको र आफूसँग भएको जम्मा गरी पाँच लाख भएपछि उद्योग सुरु गर्नुभयो । रकम दिएपछि श्रीमानले रमाईलो ठट्टा गर्दै 'कुकुरलाई मासु पैंचो दिएँ' भन्नु भएको थियो, अन्जना स्मरण गर्नुहुन्छ ।

केही समयमै कागज उद्योग सुरु भएर उत्पादन पनि शुरु हुन थाल्यो । तर अब अन्जनाका दुःखका दिन फेरि सुरु हुन थाले । आफनै गाडीमा हिँड्ने व्यक्ति उहाँलाई अब आफ्नो उत्पादनलाई बजारमा पुऱ्याउन ठमेलका गल्ली-गल्लीमा सामानका पोका/पन्तुरा बोकेर हिंड्नु पऱ्यो । यसरी सामान बोकेर हिँडेको देख्ने आफन्त र परिचितहरूले होच्याउन र उडाउन थाले । यत्रो पढेको मान्छे पोका बोकेर हिँड्न थाली भन्थे । अर्कोतिर, कच्चा सामान लिएर आउने मान्छेको फोन बिहान ४ बजे नै थानकोटबाट फोन आउँथ्यो समयमै नपुगे त्यो सामान कता पुग्थ्यो कता ? त्यसैले चौबिसै घण्टा सतर्क बस्नुपर्ने हुन्थ्यो । त्यो कामबाट उहाँ डराउनु भएन, बरु खटिरहनु भयो । हाल उहाँको यो कागज उद्योगमा १० जना फुलटाइम कर्मचारी र १५ जनाले 'पिस रेट' मा काम गरिरहेका छन् । आफैंले यतिका मान्छेलाई रोजगारी दिन सकेकोमा उहाँ निकै खुसी हुनुहुन्छ ।

## आवद्धता / नेतृत्व / सम्मान

अन्जना वि.सं. २०५३ सालमा वुमिन एसोसियन फर ट्रेनिङ्ग एण्ड सर्भिसेजको कार्यकारी बोर्डमा सदस्य हुनुभयो। वि.सं.२०६० मा ग्रुप अफ विजनेस कन्सल्टेण्ट बोर्डको अध्यक्ष बन्नुभयो। त्यस्तै उहाँ फेडेरेशन अफ बिजनेस कन्सल्टेन्टसँग पनि आवद्ध हुनुहुन्छ। नेपाल घरेलु तथा साना उद्योग महासंघको कोषाध्यक्ष पनि भइसक्नु भएका उहाँ वि.सं.२०६६ तिर लोक्ता पेपर एसोसियसन अफ नेपाल र साउथ एशियन डेभेलपमण्ट फोरमको कार्यकारी बोर्डको सदस्य पनि हुनुहुभयो। हाल अन्जना नेपाल घरेलु तथा साना उद्योग महासंघको केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ। त्यस्तै लायन्स क्लब अफ क्रियटिभ वुमन ३२५ ए वान को चार्टर प्रेसिडेन्ट, काठमाडौं विजनेश एण्ड प्रोफेसनल वुमन नेपालका उपाध्यक्ष र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको महाप्रबन्धक जस्तो महत्वपूर्ण पद पनि सम्हाली रहनुभएको छ।

वि.सं.२०६५ सालमा नेपाल सरकारबाट 'सफल महिला उद्यमी' को सम्मान प्राप्त गर्नुभयो भने सरकारबाटै एकसय एक महिला उद्यमीहरूलाई सम्मान गर्दा पनि अन्जनाको नाम समावेश भयो। सरल, सहयोगी र मिलनसार व्यक्तित्वकी धनी अन्जनासँग उहाँको संघर्ष र सफलताको कुरा गरिरहँदा पटकपटक जीवन साथीको याद गर्नुभयो। उहाँलाई सफलताको यो उचाइसम्म पुऱ्याउन महत्वपूर्ण सहयोग गर्दै हातमा हात र काँधमा काँध मिलाउनु भएका श्रीमान्को वि.स.२०७४ माघ ११ गते निधन भएको हो। त्यो पीडाबाट निस्कन उहाँलाई धेरै गाह्रो भयो। त्यसैले श्रीमानको वार्षिक पुण्यतिथिका दिन उहाँले श्रीमान्कै सम्झनामा "यादै यादमा" कविता संग्रह पनि प्रकाशित गर्नुभएको छ। त्यस कविताको केही हरफ यस्तो छ :

*'किन गयौ तिमी हतार हतार*
*पर्खेको भए हुन्थ्यो नि एकबार,*
*आउँदै त थिएँ नि गोधूलि भरी*
*लिएर मायाको उपहार .....।*

जन्मपछि मरण अवश्य हुन्छ भन्ने उहाँलाई थाहा नभएको होइन तर श्रीमान् विनाको एक्लो जीवनलाई अघि बढाउन निकै कठिन भयो उहाँलाई । यद्यपि श्रीमान्को साथ सहयोगलाई सम्झनामा राख्दै आफ्ना काम अघि बढाउनुपर्ने बाध्यता पनि छ । सोही अनुसार शोकलाई शक्तिमा बदल्दै अघि बढ्ने प्रण गर्नुभएको छ, उहाँले । आफ्नो बुझाई र भोगाईमा जीवन संघर्ष हो भन्ने अन्जना हरेक कार्यमा मेहनत र निरन्तर लागेमा सफलता प्राप्त गर्न सकिने बताउनुहुन्छ । ■